# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, पुष २२ गते २०५९ साल अतिरिक्ताङ्क ६३(क)

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

**मूल्य अभिवृद्धि कर (तेश्रो संशोधन) नियमावली, २०५९**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "मूल्य अभिवृद्धि कर (तेश्रो संशोधन) नियमावली, २०५९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ मा संशोधन : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (यसपछि "मूल नियमावली" भनिएका) को नियम ६ को उपनियम (१) को अन्त्यमा "यसरी कारोबार दर्ता गराउन नपर्ने व्यक्तिले आफ्नो कारोबार स्थलमा वार्षिक बीस लाख रुपैयाँसम्मको मात्र कारोबार भएकोले दर्ता हुनु नपर्ने भन्ने सूचना सबैले देख्ने गरी राख्नुपर्नेछ ।" भन्ने वाक्यांस थपिएको छ ।

३. मूल नियमावलीको नियम १७ मा संशोधन : मूल नियमावलीको नियम १७ को उपनियम (४) मा रहेको "सहितको" भन्ने शव्दको सट्टा "तथा सामानको स्पष्ट विवरण सहितको" भन्ने शव्दहरु राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११६२

# सूचना २

## आयकर (पहिलो संशोधन) नियमावली, २०५९

आयकर नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आयकर ऐन, २०५८ को दफा १३८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "आयकर (पहिलो संशोधन) नियमावली, २०५९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. आयकर नियमावली, २०५९ को नियम २० मा संशोधन : आयकर नियमावली, २०५९ को नियम २० को उपनियम (४) मा रहेको "२०५९ साल पौष" भन्ने शव्दहरुको सट्टा "२०६० साल आषाढ" भन्ने शव्दहरु राखिएका छन् ।



११६४
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

### अन्तःशुल्क (पहिलो संशोधन) नियमावली, २०५९

अन्तःशुल्क नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

अन्तःशुल्क ऐन, २०५८ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "अन्तःशुल्क (पहिलो संशोधन) नियमावली, २०५९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. अन्तःशुल्क नियमावली, २०५९ को नियम ५ मा संशोधन : अन्तःशुल्क नियमावली, २०५९ को नियम ५ को,-

(१) नियम शीर्षक पछि "(१)" भन्ने अंक थपिएको छ ।

(२) उप-नियम (३) को सट्टा देहायको उप-नियम (३) राखिएको छ :-

"(३) उपनियम (२) बमोजिमको अवधि भित्र इजाजत-पत्र नबीकरण नगराउने इजाजत-पत्रवालाले सो अवधि समाप्त भएको मितिले छ महिना भित्र अनुसूची- २ मा तोके बमोजिम नबीकरण वापत लाग्ने दस्तुरमा पचास प्रतिशत थप दस्तुर र बक्यौता अन्तःशुल्क रकम समेत बुझाई एक आर्थिक वर्षको लागि इजाजत-पत्र नबीकरण गराउन सक्नेछ ।"

आज्ञाले,

भानुप्रसाद आचार्य

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।